# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड २, संख्याः ९, फागुन १ गते, २०७५ साल


व्यास नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

सभाबाट पारित मितिः २०७५।१०।२९

## व्यास नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन, २०७४ को प्रथम संशोधन

दफा २.३ को निम्न उपदफामा संशोधन गर्नुपर्ने (जरिवाना सम्बन्धी)

| सि.नं. | साविकमा भएको | संशोधन हुनुपर्ने |
|---|---|---|
| क. | रु.५००। | रु.१,०००। |
| ख. | रु.१०००। | रु.२,०००। |
| ग. | रु.५०००। | रु.१०,०००। |

**दफा २.३ को २.३.४ मा थप गर्नुपर्नेः**

व्यक्तिगत वा संस्थाले स्वयं आफूले ढुवानी गरी फोहोरमैला बिसर्जन गर्ने स्थानसम्म फोहोर ल्याई बिसर्जन गर्न चाहेकालाई देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क) प्रति मोटरसाइकल रु.५००।

ख) प्रति पावर ट्रेलर रु.१,०००।

ग) प्रति ट्याक्टर रु.२,०००।

घ) प्रति ट्रक रु.५,०००।

**दफा ३.१ को ३.१.१**

सरसफाई अनुगमन तथा कार्यान्वयन समितिमा संशोधनका लागिः

(क) संयोजकः नगर प्रमुख

ख) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्यः सम्बन्धित वडाको वडा अध्यक्ष

(घ) सदस्यः त.उ.बा.संघ दमौली बजार इकाई सभापति/तोकिएको प्रतिनिधि

(ङ) सदस्यः संयोजक वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

(च) सदस्यः संयोजक अस्पताल तथा मेडिकलजन्य फोहोरमैला व्यवस्थापन समिति

(छ) सदस्य सचिवः वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख

**दफा ३.१ को ३.१.२ मा संशोधन गर्नुपर्ने**

| सि.नं. | दफा/उपदफा | हाल भएको | संशोधन प्रस्ताव |
|---|---|---|---|
| १. | ३.१.२ को (ग) मा संशोधन गर्नुपर्ने | जरिवाना शुल्क बुझाउन इन्कार गरेमा सेवा शुल्क रोक्का गर्न नगरपालिकालाई तत्काल सिफारिस गर्ने । | जरिवाना शुल्क बुझाउन इन्कार गरेमा सेवा शुल्क रोक्का गर्न आदेश दिने |
| २. | ३.१.२ को (ङ) मा संशोधन गर्नुपर्ने | फोहोरमैला पृथकीकरण/ वर्गीकरण गर्न जनचेतना एवं सहजीकरण गर्ने । | फोहोरमैला पृथकीकरण/ वर्गीकरण गर्न जनचेतना एवं सहजीकरण गर्ने र गर्न लगाउने |
| ३. | ३.१.२ को (ज) मा संशोधन गर्नुपर्ने | उल्लेखित अन्य यस ऐनमा आवश्यक कुराहरुमा सुझाव एवं सल्लाह लिई भावी नीति तथा कार्यक्रमको प्रस्ताव तयार गरी नगरपालिकामा पेश गर्ने । | यस ऐनमा उल्लेखित अन्य आवश्यक कुराहरुमा सुझाव एवं सल्लाह लिई भावी नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने । |
| ४. | ३.१.२ को (झ) मा संशोधन गर्नुपर्ने | सरसफाई शुल्क उठाउन तथा व्यवस्थापन गर्न एवं निजी क्षेत्रसँग समन्वय, सहभागिता एवं साझेदारी गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्ने तथा फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यमा नगरपालिकालाई सहयोग गर्ने । | सरसफाई शुल्क उठाउन तथा व्यवस्थापन गर्न एवं निजी क्षेत्रसँग समन्वय, सहभागिता एवं साझेदारी गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्ने तथा फोहोरमैलाको व्यवस्थापन गर्ने |
| ५ | ३.१.२ को (ञ) मा संशोधन गर्नुपर्ने | दीर्घकालीन फोहोरमैला व्यवस्थापनको लागि स्यानीटरी ल्याण्डफिल साइटको निर्माण र सञ्चालन एवं फोहोरमैलाको वर्गीकरण गर्दै Zero Waste Management को अवधारणा अनुसार अगाडि बढ्न नगरपालिकालाई सहयोग गर्ने । | दीर्घकालिन फोहोरमैला व्यवस्थापनको लागि स्यानीटरी ल्याण्डफिल साइटको निर्माण र सञ्चालन एवं फोहोरमैलाको वर्गीकरण गर्दै Zero Waste Management को अवधारणा अनुसार अगाडि बढाउने |

आज्ञाले

दिनेश राज पन्त

प्रमुख प्रशासकीय अधिकृत